श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फतः महान्याधिवक्ताको कार्यालय, रामशाहपथ ।

शिक्षा विकास तथा समन्वय इकाइ, ललितपुरको तर्फबाट ऐ. का प्रमुख रमेश प्रसाद मैनाली

........................................................................................ लिखितजवाफ प्रस्तुतकर्ता

प्रत्यर्थी

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ बस्ने रुक्शना कपाली ........................ विपक्षी

रिट निवेदक

रिट नं. २०७७ — WO - ०९७३

मुद्दाः उत्प्रेषण समेत

उपरोक्त बिपक्षीले यस शिक्षा विकास तथा समन्वय इकाइ, ललितपुर समेतलाई विपक्षी बनाई दायर गरेको उत्प्रेषणयुक्त परमादेश रिट निवेदनमा सम्मानित अदालतको एक न्यायाधीशको इजलाशबाट निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र लिखित जवाफ पेश गर्नु भनि भएको आदेश सहितको म्याद सूचना मिति २०७८।०१।०९ मा तामेल भएकोमा Covid-19 को प्रकोपको कारण निषेधाज्ञाको कारण म्यादै भित्र लिखित जवाफ फिराउन नसकी अवस्था समान्य तर्फ उन्मुख रहेकोले यस इकाइको हकमा निम्नानुसार लिखित जवाफ पेश गरेको छु ।

१. निवेदन व्यहोरा सक्कल मिसिलबाट अवगत हुने नै हुँदा यहाँ पुनरोक्ति गरिएको छैन ।
२. विपक्षी निवेदकले आफू पारलैङ्गिक महिला (Transgender Women) भएकोले नेपाली नागरिकताको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्र लगायतका कागजपत्रमा लैङ्गिक पहिचान बमोजिम संशोधन हुन नसक्दा संविधान प्रदत्त मौलिक हकमा आघात परेकोले लैङ्गिक पहिचानमा असर पर्ने काम, कारवाही, सिफारिस तथा निर्णय उत्प्रेषणको आदेशले बदर गरी नाम रुक्शाना कपाली र लैङ्गिक

इकाइ प्रमुख

विवरणमा महिला कायम गर्न परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने मुख्य रिट निवेदन व्यहोरा उल्लेख गर्नु भएको रहेछ।

३. देहायको आधार कारणबाट उक्त निवेदन खारेज गरी पाउँन सादर निवेदन गर्दछु:

(क) शिक्षा ऐन, २०२८ को दफा ४ट. को प्रतिवन्धात्मक वाक्यांशमा आधारभुत तहको परीक्षा जिल्ला शिक्षा कार्यालयबाट हुने उल्लेख भएको र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च. नं. १५७०, मिति २०७५।१।१९ को पत्रानासर साविक जिल्ला शिक्षा कार्यालबाट सम्पादन हुदै आएको काम समेत यस इकाइबाट सम्पादन हुदै आएको छ। त्यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च. नं. ३७९, मिति २०७६।११।२७ को पत्रसाथ मन्त्रीस्तरिय निर्णयबाट स्वीकृत "आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६" को दफा १५ मा परीक्षा समितिले प्रमाणपत्र दिनु पर्ने उल्लेख भएको र सो प्रमाणपत्रको ढाँचा सोही मापदण्डको अनुसूची- २ मा व्यवस्था गरिएको छ। यस इकाइबाट प्रचलित कानून बमोजिम गरेको काम कारवाहीले विपक्षीको संविधान तथा कानुन प्रदत्त कुनै पनि हक अधिकार हनन नभएकोले रिट निवेदन खारेज गरी पाउँ ।

(ख) विपक्षी रिट निवेदकले रिट निवेदनको प्रकरण नं. ५.११ मा कक्षा आठको DLE प्रमाणपत्र संशोधनको लागि यस इकाइमा निवेदन दिंदा नाम संशोधन गरिएको तर लैङ्गिक विवरणमा "अन्य" उल्लेख गरेको भनि खुलाउनु भएको छ। सो सम्वन्धमा आवश्यक कागजात, प्रमाणको आधारमा निजको नाम संशोधन भएको विपक्षीले नै स्वीकार गर्नु भएको छ। निजको आफैले भरेका विररण तथा प्रचलतित कानूनको अधिनमा रही निजको लैङ्गिक विवरणमा "अन्य" राखी संशोधन गरिएको व्यहोरा सम्मानित अदालत समक्ष सादर निवेदन गर्दछु ।

(ग) विपक्षी रिट निवेदककै सहमतिमा निजले पेश गरेको प्रमाण कागजातको आधारमा निजको नाम तथा लैङ्गिक विवरण समेत सच्चाइएकोले सो कार्यबाट विपक्षीको कुनै संवैधानिक तथा कानूनी अधिकार हनन नभएकोले रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ ।

४. विपक्षी बनाइएका अन्य कार्यालयबाट लिखित जवाफ पेश हुने नै छ।

५. प्रस्तुत रिट निवेदन सुनुवाई हुदाँका बखत सरकारी वकिलबाट हुने वहस पैरवीलाई यसै लिखित जवाफको अभिन्न अङ्ग मानी पाउँ ।

६. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झूठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता
रमेश प्रसाद मैनाली
इकाइ प्रमुख
शिक्षा विकास तथा समन्वय इकाइ, ललितपुर

इति सम्वत् २०७८ साल असार गते ०९ रोज ४ शुभम् ।